धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
(कृषि विकास शाखा)
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

प.सं.(Letter No.): २०७७/७८
च.नं.(Ref.No.): ३६४

मिति: २०७७।१०।२७

विषय: सूचना।

धनगढीमाई नगरपालिकाको आ.व.२०७७।०७८ मा संघीय सरकारबाट हस्तान्तरित (सशर्त अनुदान) राष्ट्रिय फलफूल विकास कार्यक्रम अन्तर्गत हाल भएका फलफूल नर्सरी क्षमताको अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषि समूह/सहकारी/निजी फर्म/दर्ता भएका फलफूल नर्सरीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको १५ दिन भित्र (मिति २०७७।११।११ गते सम्म) यस कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि धनगढीमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय धनगढी, सिरहा (कृषि विकास शाखा) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:

१. सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा।
३. कार्य समितिको निर्णयको प्रतिलिपि।
४. स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि।
५. आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिको।
६. कार्ययोजना।
७. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिको प्रतिलिपि।
८. प्रतिवद्धता पत्र।
९. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।

२०७७।१०।२७

मसिलाल साह
शाखा प्रमुख (कृषि)
शाखा प्रमुख